त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

चलानी नं. ....

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय त्रि.वि. कीर्तिपुर

मिति:- २०८३/०७/११

स्नातकोत्तर तह (MA) चौथो सेमेस्टरको मौका परीक्षा (Make up Exam) को परीक्षा फाराम भर्ने म्याद थप सम्बन्धी जरुरी सूचना

यस सङ्कायको स्नातकोत्तर तहमा सन् २०२३ समूहका २०८३ जेठ महिनामा सञ्चालन भएको चौथो सेमेस्टरको नियमित सत्रान्त परीक्षामा एक वा दुईवटा विषय अनुत्तीर्ण भएका तर आंशिक (प्रथम, दोस्रो तथा तेस्रो) सेमेस्टरका सम्पूर्ण विषय उत्तीर्ण गरी सकेका विद्यार्थीहरूलाई नियमित चक्र अगावै मौका परीक्षा (Make up Exam) सञ्चालन गर्न मिति २०८३ साल कार्तिक १७ गतेसम्म नियमित दस्तुरमा तपसिल बमोजिम आ-आफ्नो क्याम्पस/कलेजहरूमा गई भौतिक रूपमा परीक्षा फाराम भर्ने मिति २०८३/०६/०५ गते यस कार्यालयको Website: www.fohss.tu.edu.np मार्फत सार्वजनिक रूपमा सूचना गरिएकोमा उक्त समयावधिलाई निम्नानुसार हुने गरी थप गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य व्यहोरा भने पूर्व प्रकाशित सूचना अनुसार नै अवगत गर्न गराउन हुन पनि अनुरोध छ।

तपसिल

- **परीक्षा फाराम भर्ने समयावधि:** मिति २०८३ साल कार्तिक ३० गतेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा मिति २०८३ मंसिर ५ गतेसम्म अनिवार्य रूपमा बुझाउनुपर्नेछ।
- **परीक्षा दस्तुर:** परीक्षार्थीहरूले प्रत्येक परीक्षा बापत रु. २५००/- (अक्षरेपी दुई हजार पाँच सय रुपैयाँ मात्र) सम्बन्धित क्याम्पस/कलेजमा बुझाई फाराम भर्न सक्नेछन्। यसरी सङ्कलित परीक्षा फारामहरूका साथ परीक्षा शुल्क बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको च. हि. नं. ०४५००१०००९९०४५००००१ को खातामा जम्मा गरी सम्बन्धित क्याम्पस/कलेजहरूले २०८३ कार्तिक ३० गतेभित्र नियमित दस्तुरका फाराम र डबल दस्तुरको हकमा २०८३ मंसिर ५ गतेभित्र अनिवार्य रूपमा रकम दाखिला गरी सो को **सक्कल बैंक भौचर** सहित परीक्षा फाराम मिति २०८३ मंसिर ६ गतेभित्र अनिवार्य रूपमा डीन कार्यालयको परीक्षा शाखामा बुझाइसक्नुपर्नेछ।
- यसरी रीतपूर्वक फाराम भरेका परीक्षार्थीहरूको परीक्षा २०८३ मंसिर तेस्रो/चौथो हप्तामा सञ्चालन गर्ने गरी पछि परीक्षा तालिका Website: www.fohss.tu.edu.np मार्फत नै प्रकाशित गरिनेछ।

....

डा. चिरञ्जीवी आचार्य

सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९

E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np